# सूर्यविनायक नगर कार्यपालिकाको कार्यालय

## राजश्व उपशाखा, कटुञ्जे भक्तपुर,

## व्यवसाय दर्ता गर्ने सम्वन्धी सूचना

स्थानीय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ (घ)(१) अनुसार नगरपालिका क्षेत्र भित्र व्यवसाय कर कार्यान्वयन र नियमन गर्ने व्यवस्था नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रहेको र सोहि उपदफा २ (घ)(छ) अनुसार ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्ने अधिकार समेत नगरपालिकाको रहेको र उपदफा २ (ञ) (६) अनुसार स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने व्यवस्था समेत नगरपालिकाको रहेको छ । उक्त ऐन र यस नगरपालिकाको व्यवसाय कर निर्देशिका २०७४ अनुसार यस नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यवसाय सञ्चालन गर्न अघि व्यवसाय दर्ता गर्नु पर्ने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । यस नगरपालिका क्षेत्र भित्र व्यवसाय सञ्चालन गर्ने **पसल, सप्लार्यस्, डिपो, सेवाप्रवाह गर्ने निकाय, उद्योग** सवैलाई यस सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र दर्ता गर्नु हुन र यस भन्दा पहिले यस क्षेत्रको साविक गा.वि.स.तथा नगरपालिकामा दर्ता भएको भए नियमानुसार नविकरण गर्नु हुन समेत सूचित गरिन्छ ।

०७४।१०।१५

प्रमुख प्रशासकिय अधिकृत

चिरञ्जिवी तिम्सिना
प्रमुख प्रशासकिय अधिकृत